नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङबेशी, धादिङ

## आन्तरीक आय ठेक्का वन्दोवस्त सम्बन्धी

जडिबुटी, कवाडी तथा जिवजन्तुको व्यवसायिक उपयोगमा लाग्ने कर संकलन सम्वन्धी

## दरभाउ पत्र फाराम

आ.व. २०८३/०८४ का लागी

आय ठेक्का नं. रा /०१/०८३/०८४

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङबेशी, धादिङ

**जडिबुटी, कवाडी तथा जिवजन्तुको व्यवसायिक उपयोगमा लाग्ने कर संकलन सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना ।**

(प्रथम पटक सूचना प्रकाशन मिति: २०८३।०४।२७)

स्थानिय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी यस नीलकण्ठ नगरपालिका क्षेत्रभित्र आ.व २०८२।०८३ को लागि नगर सभावाट पारित भएको नीलकण्ठ नगरपालिकाको आर्थिक ऐन, २०८२ ले निर्धारण गरेको दररेटमा मिति २०८२।०३।१८ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार जडिबुटी, कवाडी तथा जिवजन्तुको व्यवसायिक उपयोगमा लाग्ने कर (ऊन, खोटो, जडिबुटी, वनकस, कवाडीमाल तथा प्रचलित नेपाल कानून बमोजिम निषेध गरिएका बाहेकका अन्य मृत वा मारिएको जिवजन्तुको हाड, सिङ, प्वाख, खुर, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे वापत कर) कर सङ्कलन गर्नको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले १५(पन्ध्र) दिनको म्याद राखी यो सिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरीएको छ। योग्य इच्छुक संस्था/फर्म/कम्पनिले निर्धारित मिति भित्र शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन अनुरोध छ ।

| सि.नं. | ठेक्का नं. र ठेक्का किसिम | न्यूनतम अङ्क (मु.अ.क. बाहेक) | ठेक्का अवधि | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | आय ठेक्का नं. ०१-०८३।०८४ जडिबुटी, कवाडी तथा जिवजन्तुको व्यवसायिक उपयोगमा लाग्ने कर | रु. ९,००,०००/- (नौ लाख रुपैयाँ) | २०८४ असार मसान्तसम्म | रु. १,०००/- |

१. योग्य इच्छुक संस्था/फर्म/कम्पनीहरुवाट क्रमशः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, फर्म/कम्पनीको दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि, मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व.२०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संग्लन राखी रु. १,०००।-(एकहजार पछि फिर्ता नहुने) तिरी यो सुचना प्रकाशित भएको मितिले १५औं दिन भित्र कार्यालय समयसम्ममा नीलकण्ठ नगर कार्यपालिकाको कार्यालयबाट सिलबन्दी दरभाउपत्र फाराम खरिद गरी १६ औं दिनको १२.०० बजे भित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुपर्ने छ ।

२. ऊन, खोटो, जडिबुटी, वनकस, कवाडीमाल तथा प्रचलित नेपाल कानून बमोजिम निषेध गरिएका बाहेकका अन्य मृत वा मारिएको जिवजन्तुको हाड, सिङ, प्वाख, खुर, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे वापत नीलकण्ठ नगरपालिकाको आर्थिक ऐन, २०८३ ले तोकेको दररेटमा कर लाग्नेछ। आर्थिक ऐनमा नतोकिएको मालवस्तुको हकमा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

३. सिलबन्दी दरभाउपत्रमा निर्धारित न्युनतम अंक नघटने गरी कबोल गरेको अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ, अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइने छ ।

४. खरिद भएको दरभाउपत्रहरुको प्रत्येक पानामा सहिछाप र शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, ठेक्काको नाम, नम्बर लेखी पेश गर्नु पर्नेछ ।

५. सिलवन्दी दरभाउपत्रका साथ आफूले कबोल गरेको अंकको कम्तिमा ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक धादिङशाखामा रहेको धरौटी खाता नं. १०३०१००३०३००००६ मा जम्मा गरेको सक्कल बैक भौचर वा ४५ दिन मान्यअवधी भएको सक्कल बैंक जमानतपत्र पेश गर्नु पर्नेछ ।

६. सबै भन्दा बढी रकम कबोल गर्ने दरभाउदाताको कबोाल अंक स्वीकार गरिनेछ । दरभाउपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र सम्बन्धितले कबोल अंकको १३ प्रतिशतले हुने मू.अ.कर र १.५ प्रतिशतले हुन आउने अग्रिम आयकर रकम आ.रा.का.मा दाखिला भएको प्रमाण सहित कबोल अंकको ६० प्रतिशतले हुन आउने रकम यस कार्यालयको खातामा दाखिला गरी र बाँकी ४० प्रतिशत बराबरको रकम आ.व. २०८३।०८४ सम्मको म्याद भएको बैंक जमानत पत्र वा नगदै दाखिला गरेपछि मात्र कार्यदेश प्राप्त गर्न सक्नेछ । बाँकी ४० प्रतिशतले हुन आउने रकम २०८३ पुस मसान्त भित्र दाखिला गरी सक्नु पर्नेछ ।तोकीएको समयभित्र बाँकी रकम नबुझाएमा विलम्ब शुल्क लाग्ने छ तथा उक्त बाँकी रकम बैंक ग्यारेन्टीबाट असुल उपर गरिने छ । यसमा ठेकेदारले कुनै किसीमको हक दाबी गर्न पाउने छैन ।

७. ठेकेदार र कार्यालय बीचमा ठेक्काको शर्त सम्बन्धी कुरामा विवाद पर्न आएमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन ।

८. खरिद भएको दरभाउपत्रहरु खरीद म्यादको अन्तिम दिनको भोलीपल्ट दिनको १२:०० बजेसम्ममा यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ ।प्राप्त हुन आएका दरभाउपत्रहरु दर्ता गर्ने म्याद सकिएको दिन दिउसो २:०० बजे यस कार्यालयमा कार्यालयका प्रतिनिधीहरु र दरभाउ पत्र दाताहरुको रोहबरमा खोलिने छ । साथै प्रस्ताव खोल्ने समयमा दरभाउपत्र दाताको प्रतिनिधी उपस्थित नभएमा खोल्न कुनै बाधा पर्ने छैन ।

९. दरभाउ पत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ ।

१०.म्याद नाघि आएको वा रीत नपुगी वा कुनै शर्त उल्लेख गरिएका शिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

११.ठेक्का कार्यदेश लिएको मिति देखि मात्र ठेक्का संचालन गर्न पाइने छ । ठेक्का अवधि २०८४ आषाढ मसान्तसम्मको लागि मात्र हुनेछ ।

१२.उल्लेखित शर्तहरु पालना गर्ने गराउने जिम्मेवारी स्वयं ठेकेदारको हुनेछ । कुनै पनि शर्त पालना नगरेको खण्डमा नीलकण्ठ नगर कार्यपालिकाको निर्णय बमोजिम ठेकेदारबाट जरिवाना असुल गरी ठेक्का समेत तोड्न सकिनेछ ।

१३.सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१४.यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१५.पूर्ण बिवरणको सुचना यस कार्यालयको सुचनापाटीमा टाँस गरिएको छ, साथै विस्तृत जानकारीको लागि कार्यालय समयमा यस कार्यालयको सम्पर्क नं. ०१०-५२०५६८ मा सम्पर्क राख्न सकिने छ ।

(हरिदत्त कंडेल)

प्रमुख प्रशासकीय अधिकृत

# आन्तरीक आय ठेक्का वन्दोवस्त सम्बन्धी

जडिबुटी, कवाडी तथा जिवजन्तुको व्यवसायिक उपयोगमा लाग्ने कर संकलन सम्बन्धी

## दरभाउ पत्र फाराम

आ.व. २०८३/०८४ का लागी

आय ठेक्का नं. रा /०१/०८३/०८४

फर्मको नाम ठेगाना :–

दरभाउ पत्र दाताका आधिकारिक व्यक्तिको नामधर : –

दस्तखत :–

फर्मको छाप :–

सम्पर्क मोबाइल नं. :–

मितिः २०८३।  ।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
नीलकण्ठ नगरपालिका, नगर कार्यपालकाको कार्यालय,
धादिङवेसी, धादिङ।

विषयः दरभाउपत्र पेश गरेको बारे।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति २०८३।०५।०२ गते जडिबुटी, कवाडी तथा जिवजन्तुको व्यवसायिक उपयोगमा लाग्ने कर संकलन सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हान गरीएको सूचना अनुसार जडिबुटी, कवाडी तथा जिवजन्तुको व्यवसायिक उपयोगमा लाग्ने कर (ऊन, खोटो, जडिबुटी, वनकस, कवाडीमाल तथा प्रचलित नेपाल कानून बमोजिम निषेध गरिएका बाहेकका अन्य मृत वा मारिएको जिवजन्तुको हाड, सिङ, प्वाख, खुर, छाला वा यस्तै प्रकृतिको बस्तुको व्यावसायिक उपयोग गरे बापत कर) संकलन गर्न ईच्छुक भै सूचनामा उल्लेखित देहायको शर्तहरु पालन गर्न मन्जुर गरी तपसिल बमोजिमको दरभाउ प्रस्ताव गरी BOQ भरी लागि दरभाउपत्र पेश गरेको छु।

## क) पालना गर्न मन्जुर भएका शर्तहरु

१. योग्य इच्छुक संस्था/फर्म/कम्पनीहरुबाट क्रमशः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, फर्म/कम्पनीको दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि, मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व.२०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संग्लन राखी रु. १,०००।- (एकहजार पछि फिर्ता नहुने) तिरी यो सुचना प्रकाशित भएको मितिले १५औं दिन भित्र कार्यालय समयसम्ममा नीलकण्ठ नगर कार्यपालिकाको कार्यालयबाट सिलबन्दी दरभाउपत्र फाराम खरिद गरी १६ औं दिनको १२.०० बजे भित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुपर्ने छ ।

२. ऊन, खोटो, जडिबुटी, वनकस, कवाडीमाल तथा प्रचलित नेपाल कानून बमोजिम निषेध गरिएका बाहेकका अन्य मृत वा मारिएको जिवजन्तुको हाड, सिङ, प्वाख, खुर, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे बापत नीलकण्ठ नगरपालिकाको आर्थिक ऐन,२०८३ ले तोकेको दररेटमा कर लाग्नेछ। आर्थिक ऐनमा नतोकिएको मालवस्तुको हकमा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

३. सिलबन्दी दरभाउपत्रमा निर्धारित न्युनतम अंक नघटने गरी कबोल गरेको  अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ, अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइने छ ।

४. खरिद भएको दरभाउपत्रहरुको प्रत्येक पानामा सहिछाप र शिलवन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, ठेक्काको नाम, नम्बर लेखी पेश गर्नु पर्नेछ ।

५. सिलबन्दी दरभाउपत्रका साथ आफूले कबोल गरेको अंकको कम्तिमा ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक धादिङशाखामा रहेको धरौटी खाता नं. १०३०१००३०३००००६ मा जम्मा गरेको सक्कल बैंक भौचर वा  ४५ दिन मान्यअवधी भएको सक्कल बैंक जमानतपत्र पेश गर्नु पर्नेछ ।

६. सबै भन्दा बढी रकम कबोल गर्ने दरभाउदाताको कबोल अंक स्वीकार गरिनेछ । दरभाउपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र सम्बन्धितले कबोल अंकको १३ प्रतिशतले हुने मू.अ.कर र १.५ प्रतिशतले हुन आउने अग्रिम आयकर रकम आ.रा.का.मा दाखिला भएको प्रमाण

सहित कबोल अंकको ६० प्रतिशतले हुन आउने रकम यस कार्यालयको खातामा दाखिला गरी र बाँकी ४० प्रतिशत बराबरको रकम आ.व. २०८३।०८४ सम्मको म्याद भएको बैंक जमानत पत्र दाखिला गरेपछि मात्र कार्यदेश प्राप्त गर्न सक्नेछ । बाँकी ४० प्रतिशतले हुन आउने रकम २०८३ पुस मसान्त भित्र दाखिला गरी सक्नु पर्नेछ ।तोकीएको समयभित्र बाँकी रकम नबुझाएमा विलम्ब शुल्क लाग्ने छ तथा उक्त बाँकी रकम बैंक ग्यारेन्टीबाट असुल उपर गरिने छ । यसमा ठेकेदारले कुनै किसीमको हक दाबी गर्न पाउने छैन ।

७. ठेकेदार र कार्यालय बीचमा ठेक्काको शर्त सम्बन्धी कुरामा विवाद पर्न आएमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन ।

८. खरिद भएको दरभाउपत्रहरु खरीद म्यादको अन्तिम दिनको भोलीपल्ट दिनको १२:०० बजेसम्ममा यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ ।प्राप्त हुन आएका दरभाउपत्रहरु दर्ता गर्ने म्याद सकिएको दिन दिउसो २:०० बजे यस कार्यालयमा कार्यालयका प्रतिनिधीहरु र दरभाउ पत्र दाताहरुको रोहवरमा खोलिने छ । साथै प्रस्ताव खोल्ने समयमा दरभाउपत्र दाताको प्रतिनिधी उपस्थित नभएमा खोल्न कुनै बाधा पर्ने छैन ।

९. दरभाउ पत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ ।

१०. म्याद नाघि आएको वा रीत नपुगी वा कुनै शर्त उल्लेख गरिएका शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

११. ठेक्का कार्यदेश लिएको मिति देखि मात्र ठेक्का संचालन गर्न पाइने छ । ठेक्का अवधि २०८४ आषाढ मसान्तसम्मको लागि मात्र हुनेछ ।

१२. उल्लेखित शर्तहरु पालना गर्ने गराउने जिम्मेवारी स्वयं ठेकेदारको हुनेछ । कुनै पनि शर्त पालना नगरेको खण्डमा नीलकण्ठ नगर कार्यपालिकाको निर्णय बमोजिम ठेकेदारबाट जरिवाना असुल गरी ठेक्का समेत तोड्न सकिनेछ ।

१३. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१४. उल्लिखित शर्त तथा यो दरभाउपत्रमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## ख) जडिबुटी, कवाडी तथा जिवजन्तु कर उठाउने ठेक्काको सिलबन्दी दरभाउपत्र फाराम (BOQ)

(आ.व.२०८२/०८३ का लागी  आय ठेक्का नं.:–रा /०१/२०८३/०८४)

| ठेक्का विवरण | न्यूनतम अंक मू.अ.कर वाहेक | दरभाउपत्रदाताले कबोल गरेको अंक (मूल्य मू.अ. कर वाहेक) | | कैफियत |
|---|---|---|---|---|
| जडिबुटी, कवाडी तथा जिवजन्तुकर उठाउने कबोल रकम | | अंकमा रु. | अक्षरमा रु. | |
| | रु.९,००,०००/- (नौ लाख रुपैयाँ) | | | |

मैले माथि सूचनामा उल्लेखित शर्तहरु अध्ययन गरी जाने वुझेर शर्तहरु पालना गर्न मन्जुर भै उल्लिखित रकम कबोल गरी यो दरभाउपत्रमा सहीछाप गरी पेश गरेको छु।

दरभाउपत्र दाताको आधिकारीक व्यक्तिको दस्तखत :.................................

धरौटी रकम रु.: ........................

फार्मको नाम र ठेगाना : ................................................

दरभाउपत्र दाताको आधिकारीक व्यक्तिको नाम :..........................................

सम्पर्क नं. ...............................................